पाठ ५१

१. येहूदीहरूलाई शिक्षा दिन शुरू गर्दा येशू कति वर्षको हुनुहुन्थ्यो ?
- ३० वर्षको ।

२. येशूले तिनीहरूलाई सिकाउनुभएको परमेश्वरको सुसमाचार के थियो ?
- येशूले तिनीहरूलाई सुनाउनुभएको सुसमाचार यही थियो कि यद्यपि हाम्रो पापको सजायको दण्ड मृत्यु नै हो तर पनि परमेश्वरले हाम्रो निम्ति उद्धारकर्ता पठाउनुभएको छ ।

३. परमेश्वरले मानिसहरूको उद्धारको निम्ति पठाउनुभएका उद्धारकर्ता को हुनुहुन्थ्यो ?
- येशू ।

४. येशूले समय आएको छ र परमेश्वरको राज्य नजिकै छ भन्नुको अर्थ के हो ?
- येशूले उद्धारकर्ताको समय आएको छ र परमेश्वरको राज्यले शैतानको राज्यलाई चाँडै नै पराजित गर्नेछ भन्नुभएको हो ।

५. मानिसले परमेश्वरलाई खुशी पार्ने एउटै तरिका के हो ?
- परमेश्वरको वचनमा विश्वास गरेर ।

६. येशूले किन मानिसहरूलाई आफूसँग रहन भन्नुभयो ?
- किनभने येशू तिनीहरूलाई सिकाउन चाहनुहुन्थ्यो ताकि तिनीहरू अरू मानिसहरूलाई परमेश्वरको बारेमा सिकाउन सकून् ।

७. व्यवस्थाका शिक्षकहरू को थिए ?
- तिनीहरू फरिसी थिए ।

८. फरिसीहरूले दिने शिक्षाभन्दा येशूले दिने शिक्षा कसरी फरक थियो ?
- किनभने येशू परमेश्वर हुनुहुन्थ्यो त्यसैले येशू पिता परमेश्वरलाई चिन्नुहुन्थ्यो ।
- फरिसीहरू पिता परमेश्वरलाई चिन्दैनथे ।
- किनभने येशू परमेश्वर हुनुहुन्थ्यो त्यसैले येशूले परमेश्वरको वचनमा विश्वास गर्नुभयो ।
- फरिसीहरूले परमेश्वरको वचनमा विश्वास गर्दैनथे ।

९. आदिमा तिनीहरू शैतानका सहयोगी शैतान बन्नुभन्दा पहिले तिनीहरू के थिए ?

- आदिमा शैतानका सहयोगी शैतानहरू असल स्वर्गदूतहरू थिए तिनीहरूलाई परमेश्वरले सृष्टि गर्नुभएको थियो तर तिनीहरूले शैतानलाई साथ थिए र दुष्ट बने ।

१०. के त्यस सहयोगी शैतानलाई शिक्षा दिइहरनुहुने मानिस येशू हुनुहुन्छ भनी थाहा थियो ?

- थाहा थियो ।

११. कुष्टरोग जस्तै पाप कसरी उस्तै हो ?

- जसरी मानिसले आफू आफैलाई कुष्टरोगबाट बचाउन सक्दैन त्यसरी नै हामी आफूले आफैलाई पापबाट बचाउन सक्दैनौं ।
- जसरी अरू मानिसले कुष्टरोग लागेको रोगीलाई बचाउन सक्दैन त्यसरी नै अरू कुनै मानिसले हामीलाई पापबाट बचाउन सक्दैन ।
- जसरी त्यस मानिसलाई कुष्टरोगबाट येशूले मात्रै बचाउन सक्नुहुन्थ्यो त्यसैगरी येशूले मात्रै हाम्रो पापको उपचार गर्न सक्नुहुन्छ ।

- एकदिन निकोदेमस नाउँ गरेका एकजना मानिस येशूलाई भेट्न गए ।

यूहन्ना ३:१-२ पद पढौं ।

त्यहाँ निकोदेमस नाउँ भएको एकजना मानिस थिए। तिनी फरिसीहरू मध्ये एक अनि यहूदीहरूका अगुवाहरू मध्ये एकजना थिए। 2 एक-रात निकोदेमस येशूकहाँ आए। उनले भने, “रब्बी, हामी जान्दछौ तपाईं परमेश्वरद्वारा पठाएको एकजना शिक्षक हुनुहुन्छ। किनभने परमेश्वरको सहयोग बिना तपाईंले जुन चमत्कारहरू गर्नु हुँदैछ कुनै मानिसले गर्नु सक्तैन।

- धेरै जना यहूदीहरूले येशूलाई घृणा गर्थे ।
- धेरै मानिसहरूलाई लाग्थ्यो कि येशूको शक्ति शैतानबाट आउछँ ।

- तर निकोदेमस फरक थिए ।
- तिनी येशूलाई घृणा गर्दैनथे ।

- निकोदेमसले येशूलाई भेट्न चाहे र उहाँलाई धेरै प्रश्नहरू गरे ।

- निकोदेमसले येशूलाई के भने ?

- निकोदेमसले येशूलाई परमेश्वरले पठाउनुभएको हो भन्ने कुरा आफूलाई थाहा छ भने ।

- येशूलाई परमेश्वरले पठाउनुभएको हो भन्ने कुरा येशूलाई कसरी थाहा भयो ?

- किनभने येशूले धेरै चमत्कारहरू गरिरहनुभएको थियो जुन परमेश्वरले मात्रै गर्न सक्नुहुन्थ्यो ।

- येशूले निकोदेमसलाई के जवाफ दिनुभयो ?

यूहन्ना ३:३ पद पढौं ।

3 येशूले उत्तर दिनु भयो, "म तिमीलाई सत्य कुरा भन्छु। मानिस फेरि एकपल्ट जन्मनु पर्छ। यदि मानिस फेरि जन्मेन भने, त्यसले परमेश्वरको राज्यमा प्रवेश पाउने छैन।"

- नयाँ गरि नजन्मिएसम्म कसैले पनि स्वर्गको राज्य देख्न सक्दैन भनेर येशूले भन्नुभयो ।

- येशूले यसो भन्नुको अर्थ के थियो ?

- येशूले यसो भन्नुको अर्थ सबै मानिसहरू शैतानको अधीनमा जन्मिएका छन् त्यसैले तिनीहरू नयाँ गरि जन्मिनै पर्छ ।

- कसरी सबै मानिसहरू शैतानको अधीनमा जन्मिएका छन् ?

- जब आदम र हव्वाले पाप गरे र परमेश्वरको वचन उल्लङ्घन गरे त्यसपछि तिनीहरू परमेश्वरबाट अलग भए ।

- जब आदम र हव्वाले पाप गरे र परमेश्वरको वचन उल्लङ्घन गरे त्यसपछि तिनीहरू शैतानको अधीनमा परे ।

- आदम र हव्वाका छोरा कयिन र हाबिल शैतानको अधीनमा जन्मिएका थिए ।

- किनभने आदम र हव्वाले पाप गरे र परमेश्वरको वचन उलङ्घन गरे त्यसैले सबै मानिसहरू शैतानको अधीनमा छन् ।

- येशूले भन्न खोज्नुभएको सबै मानिसहरू शैतानको अधीनमा छन् त्यसैले तिनीहरू नयाँ गरि जन्मिनुपर्छ ।

- निकोदेमसको उत्तर के थियो ?

आउनुस् यूहन्ना ३:४ पद पढौं ।

4 निकोदेमसले भने, “एक मानिस जो बूढो छ, ऊ फेरि कसरी जन्मन सक्छ? के ऊ पुनः आमाको गर्भभित्र दोस्रो पल्ट पस्न सक्छ अनि फेरि जन्मछ?”

- निकोदेमसले येशूले भन्नुभएको कुरा बुझेनन् ।
- निकोदेमसलाई मानिस फेरि कसरी जन्मिन्छ भन्ने थाहा थिएन ।

- निकोदेमसले शारीरिक रूपमा फेरि जन्मिने कुरा गरिरहेका थिए ।

- के येशूले शारीरिक रूपमा फेरि जन्मिने कुरा गर्नुभएको थियो ?
- होइन ।

- येशूले के जवाफ दिनुभयो ?

यूहन्ना ३:५ पद पढौं ।

5 तर येशूले भन्नुभयो, “म तिमीलाई सत्य कुरा भन्छु। मान्छे पानि र आत्माबाट जन्मनु नै पर्छ। यदि ऊ त्यसरी जन्मेन भने, परमेश्वरको राज्यमा प्रवेश गर्न सक्तैन।

- येशूले पानी र आत्माद्वारा हामी फेरि पनि नयाँ गरि जन्मिनुपर्छ ।

- पहिलो, येशूले भन्नुभयो हामी पानीद्वारा नयाँ गरि जन्मिनुपृछ ।

- येशूले पानीद्वारा नयाँ गरि जन्मिनुपर्छ भन्नुको अर्थ के थियो ?

- पानीद्वारा जन्मिनु भन्नुको अर्थ बप्तिस्मा लिनु हो ?
- होइन ।
- के येशूले नयाँ गरि जन्मिनका लागि पानीको बप्तिस्मा लिनैपर्छ भन्नुभएको हो ?
- होइन ।
- के बप्तिस्मा लिँदैमा हामी बचाइन्छौं ?

- बचाइँदैनौं ।

- येशूले पानीद्वारा जन्मिने भन्नुको मतलब के हो ?

- पानीले फोहरलाई के गर्छ ?
- पानीले फोहर पखाल्छ ।

- जसरी पानीले फोहर पखाल्छ त्यसैगरी सबै मानिसहरू पापबाट पखालिनै पर्छ ।

- पानीद्वारा जन्मिनु भनेको हामीले आफ्ना पापहरूको पश्चात्ताप गर्नैपर्छ ताकि परमेश्वरले हाम्रा पापहरू पखाल्नुहोस् ।

- दोस्रो, येशूले भन्नुभयो हामी आत्माद्वारा जन्मिनुपर्छ ।

- आत्माद्वारा जन्मिनुपर्छ भनी येशूले भन्नुभएको के हो ?

- जब आदम र हव्वाले पाप गरे र परमेश्वरको आज्ञा उल्लङ्घन गरे तिनीहरूको आत्मा परमेश्वरमा मर्‍यो ।

- जब आदम र हव्वाले पाप गरे र परमेश्वरको आज्ञा उल्लङ्घन गरे तब तिनीहरूका आत्मा प्रेम र परमेश्वरमा आज्ञा पालन र उहाँमा मृत्यु भन्ने कुरा थाहा पाउन सफल भयो ।

- किनभने हाम्रो आत्मा परमेश्वरमा मृत छ त्यस कारणले परमेश्वरले हाम्रो आत्माको निम्ति नयाँ जीवन दिनुहुन्छ ।

- आत्मामा नयाँ गरि जन्मिनु भन्नुको अर्थ परमेश्वर र पवित्र आत्माले हाम्रो आत्मालाई नयाँ जीवन दिनुहुन्छ भन्ने हो ।

- पानीमा नयाँ गरि जन्मिनुभनेको हामीले आफ्नो पापको प्रायश्चित्त गर्नुपर्छ र परमेश्वरले हाम्रो पाप पखाल्नुहुन्छ भनेको हो ।

- आत्मामा नयाँ गरि जन्मिनु भनेको पवित्र आत्माले हाम्रो आत्मालाई नयाँ गरी जीवन दिनुहुन्छ भनेको हो ।

- येशूले निकोदेमसलाई नयाँ गरि जन्मिनै पर्छ भनेकोमा आश्चर्य नमान्न भन्नुभयो ।

आउनुस् यूहन्ना ३:७ पद पढौं ।

7 अचम्म नमान, मैले तिमीलाई भनें, 'तिमी पुन जन्मिनै पर्छ।' हावा जता चहान्छ त्यतै बहन्छ। तिमीले हावा बहेको सुन्छौ।

- नयाँ गरि जन्मिनै पर्छ भनेकोमा निकोदेमसले किन आश्चर्य मान्नुहुँदैनथ्यो ?

- यहाँ येशूले भन्नुभएको कुरा लेखिएको छ ।

आउनुस् यूहन्ना ३:६ पद पढौं ।

[6] मान्छेको शरीर आमा-बाबुबाट जन्मिन्छ। तर मान्छेको आत्मिक जीवन आत्माबाट जन्मिन्छ।

- येशूले शरीरले शरीरको जन्म दिन्छ र आत्माले आत्माको जन्म दिन्छ भन्नुको अर्थ के हो ?

- येशूले भन्नुको मतलब शरीरिक जन्मले केवल शारीरिक जन्म मात्रै दिन्छ ।

- पवित्र आत्मा परमेश्वरले मात्रै जसले मात्रै मानिसको आत्मालाई नयाँ आत्मा दिनसक्नुहुन्छ ।

- परमेश्वरका अनुसार यस संसारमा दई जना मानिस मात्रै छन् ।

- तिनीहरू गोरा र काला मानिसहरू थिएनन् ।
- तिनीहरु धनी र गरीब मानिसहरू थिएनन् ।
- तिनीहरू तरूणा र बूढा मानिस थिएनन् ।
- तिनीहरू लोग्ने मानिस र स्वास्नी मानिस थिएनन् ।

- परमेश्वरका अनुसार संसारका दुई जना मानिसहरू को हुन् ?

- तिनीहरू जो एक चोटि मात्रै जन्मिएका हुन् र तिनीहरू जो फेरि नयाँ गरि जन्मिएका हुन् ।

- कसको परिवारका मानिसहरू केवल एकचोटि मात्रै जन्मिएका हुन् ?

- शैतानको परिवारका मानिसहरू ।

- कसको परिवारका मानिसहरू केवल दुईचोटि जन्मिएका हुन् ?

- तिनीहरू परमेश्वरका परिवारका हुन् ।

- निकोदेमसलाई येशूले अरू के भन्नुभयो ?

आउनुस् यूहन्ना ३:१४-१५ पद पढौं ।

[14] "मोशाले मरूभुमिमा सर्पलाई उठाउनु भयो। मानिसको पुत्रसँग पनि त्यस्तै छ। मानिसको पुत्र
पनि उचालिनु पर्छ। [15] त्यसर्थ उहाँमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन पाउनेछ।"

- के तपाईंलाई मोसा र मरुभूमिमा काँसाको सर्पको कथा सम्झना छ ?

- किनभने इज्रेलीहरूले पाप गरे र परमेश्वरको वचन उलङ्घन गरे परमेश्वरले तिनीहरूलाई टोक्न भनेर सर्पहरू पठाउनुभयो ।

- धेरैजना इज्रेलीहरू मरेपछि बाँकीरहेका इज्रेलीहरूले पश्चात्ताप गरे ।

- त्यसपछि पमरेश्वरले मोसालाई काँसाको एउटा सर्प बनाउन भन्नुभयो र त्यसलाई एउटा खाँबोमा राख्न भन्नुभयो ।

- यदि इज्रेलीहरूले काँसाको सर्प हेर भने परमेश्वरले तिनीहरूलाई निको पार्नेछु भन्नुभयो ।

- के इज्रेलीहरूले सर्पको टोकाइबाट आफूलाई बचाउन सक्षम थिए ?
- थिएनन् ।

- इज्रेलीहरूलाई सर्पको टोकाइको मृत्युबाट बचाउन सक्ने एकजना को मात्रै हुनुहुन्थ्यो ।

- केवल परमेश्वर ।

- परमेश्वरले मरुभूमिमा मोसालाई बनाउन भन्नुभएको सर्प र येशू कसरी उस्तै हुनुहन्छ ?

- येशूले भन्नुभएको कुरा यहाँ लेखिएको छ ।

- जसरी काँसाको सर्प खाँबोमा टाङ्गिएको थियो येशूले पनि टाङ्गिनुपर्थ्यो ।

- काँसाको सर्प हेरेर इज्रेलीहरू निको भएजस्तै येशूले पनि उहाँमाथि विश्वास गर्नेलाई बचाउनहुनेथियो ।

- येशूले निकोदेमसलाई अरू के भन्नुभयो ?

आउनुस् यूहन्ना ३:१६ पद पढौं ।

[16] हो, परमेश्वरले संसारलाई यति साह्रो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो त्यस द्वारा उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश हुने छैन, तर अनन्त जीवन प्राप्त गर्नेछ।

- किनभने परमेश्वरले सबै मानिसलाई प्रेम गर्नुहुन्छ त्यसैले उहाँले उद्धारकर्ता येशू पठाउनुभयो ।

- यदि हामीले येशूमा विश्वास गर्‍यौं भने हामी मर्नेछैनौं तर येशूमा अन्नत जीवन प्राप्त गर्नेछौं ।

- निकोदेमसलाई येशूले अरु के भन्नुभयो ?

आउनुस् यूहन्ना ३:१७ पद पढौं ।

[17] परमेश्वरले आफ्ना पुत्रलाई संसारको न्याय गर्नलाई पठाउनु भएको होइन। तर परमेश्वरले आफ्ना पुत्रलाई उहाँबाट संसार बाँचोस् भनेर पठाउनु भएको हो।

- परमेश्वरले येशूलाई यस संसारमा किन पठाउनुभयो ?

- के परमेश्वरले येशूलाई यस संसारमा हाम्रो निन्दा गर्न पठाउनुभएको हो ?
- होइन ।

- के परमेश्वरले येशूलाई यस संसारमा हाम्रो सर्वनाश गर्न पठाउनुभएको हो ?
- होइन ।

- परमेश्वरले येशूलाई हामीलाई पाप, मृत्यु र शैतानबाट मुक्त गर्न पठाउनुभएको हो ।

- येशूले निकोदेमसलाई अरू के भन्नुभयो ?

आउनुस् यूहन्ना ३:१८ पद पढौं ।

[18]जसले परमेश्वरको पुत्रमाथि विश्वास गर्दछ त्यो दोषी ठहरिंदैन। तर जसले विश्वास गर्दैन र उसको पहिल्यै न्याय भइसको छ ऊ वहिष्कृत हुन्छ। किनभने त्यस मानिसले परमेश्वरको एकमात्र पुत्रमाथि विश्वास गरेकोछैन।

- के जसले येशूमा विश्वास गर्छन् तिनीहरू परमेश्वरबाट निन्दित हुनेछन् ?
- छैनन् ।

- के जसले येशूमा विश्वास गर्दैनन् तिनीहरू परमेश्वरबाट निन्दित छन् ?
- हुन्छन् ।

- किन तिनीहरू जसले येशूमा विश्वास गर्दैनन् तिनीहरू पहिल्यै निन्दित छन् ?

- किनभने तिनीहरूले उद्धारकर्ता येशूमा विश्वास गर्दैनन् ।

- निकोदेमसलाई येशूले अरू थप के कुरा भन्नुभयो ?

आउनुस् यूहन्ना ३:१९-२० पद पढौं ।

[19]मानिसहरूको न्याय यही आधारमा गरिन्छः संसारमा ज्योति आएकोछ, तर मानिसहरूले ज्योतिको बद्लीमा अन्धकार मन पराए। किनभने तिनीहरूले दुष्ट कामहरू गरिरहेका थिए। [20]प्रत्येक जसले दुष्ट-कामहरू गर्दछ त्यसले ज्योतिलाई घृणा गर्छ। तिनी ज्योति तर्फ आउने छैन। किनभने उसको दुष्ट कामहरू ज्योतिमा देखिनेछ। [21]तर त्यो जसले सत्यको बाटो पहिल्याएर अनि ज्योति तर्फ आउँदछ यसर्थ यो देखाइने छ कि उसको काम परमेश्वर मार्फत गरिएको हो।

- येशूले भन्नुभयो यहाँ प्रकाश हुनुहन्छ जो संसारमा आउनुभएको छ ।
- येशूले भन्नुभयो दुष्ट मानिसहरू अँध्यारोमै रमाउन चाहन्छन् ।

- किन दुष्ट मानिसहरू अँध्यारोमै रहन चाहन्छन् ?

- किनभने तिनीहरू पापलाई मन पराउँछन् ।

- किन मानिसहरू परमश्वरको वचन सुन्न मन पराउँदैनन् ।
- किनभने तिनीहरू पापलाई मन पराउँछन् ।

- के तपाईं अँध्यारोमै रहन चाहनुहुन्छ वा तपाईं परमेश्वरको वचन सुन्न मन पराउँनुहुन्छ ।